श्री क.प्र. स्वास्थ्य मन्त्रालय प्रकाशन ... जानकारी गराउ
2081/05/18

लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या :- ०८१/८२
च.नं. : २२८

मिति: २०८१।०५।१७

विषय :- आवश्यक तयारी सम्बन्धमा ।

श्री आयोग/सचिवालय/मन्त्रालय सबै,

प्रस्तुत विषयमा प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज बाँकेको च.न. ३९ मिति २०८१/०५/१२ को पत्र यसै साथ सम्लग्न गरी पठाइएको छ सोही अनुसारको सूचना मातहतका कार्यालयहरुमा पठाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

(सञ्जय ज्ञवाली)
वरिष्ठ शाखा अधिकृत

स्वास्थ्य मन्त्रालय
लुम्बिनी प्रदेश
राप्ती उपत्यका (देउखुरी), नेपाल
दर्ता नं. ६१५
दर्ता मिति : २०८१।०५।१९

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

# प्रदेश सुशासन केन्द्र

नेपालगञ्ज, बाँके

श्री सचिव
प्रशासन
08912198

पत्र संख्या:२०८१/८२
चलानी नं.: ३५

मिति : २०८१।०५।१२
ने.सं. ११४४ गुँलागा १० बुधवार

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
लुम्बिनी प्रदेश
राप्ति उपत्यका देउखुरी दाङ

विषयः- आवश्यक सहजीकरण गरिदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस केन्द्रको चालु आ.व. ०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशभित्रका प्रदेश र स्थानीय तहमा कार्यरत सहायक स्तर चौथो, पाँचौ तह, अधिकृतस्तर छैटौं, सातौं र आठौं तह तथा संघमा कार्यरत निजामती सेवाका रा.प.अनं. प्रथम/द्वितीय श्रेणीका कर्मचारीहरूको लागि ३० कार्यदिने सेवाकालीन तालिम सम्बन्धी सूचना यसै पत्र साथ संलग्न गरि पठाईएको छ । उक्त सूचना प्रदेश मातहतका कार्यालयहरुमा पठाउने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ ।

रमेश बहादुर बुढाथोकी
कार्यकारी निर्देशक

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# प्रदेश सुशासन केन्द्र

नेपालगञ्ज, बाँके

पत्र संख्या:२०८१/८२
चलानी नं.:

मिति २०८१।०५।११
ने.सं. ११४४ गुँलागा ८ शनिबार

## सेवाकालीन तालिम प्रशिक्षार्थी मनोनयन फाराम भर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८१।०५।११)

यस केन्द्रको चालु आ.व. ०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशभित्रका प्रदेश र स्थानीय तहमा कार्यरत सहायक स्तर चौथो, पाँचौं तह, अधिकृतस्तर छैटौं, सातौं र आठौं तह तथा संघमा कार्यरत निजामती सेवाका रा.प.अनं. प्रथम/द्वितीय श्रेणीका कर्मचारीहरूको लागि ३० कार्यदिने सेवाकालीन तालिम प्रदेश सुशासन केन्द्र, बाँकेमा संचालन हुने भएकोले फारम भर्ने अन्तिम दिन सम्म हाल बहाल रहेको पदमा न्युनतम ३ वर्ष सेवा अवधि पुरा भएको इच्छुक स्थायी कर्मचारीहरूले सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी अनलाइन मनोनयन फाराम भरी हाल बहाल रहेको पदको नियुक्ति/बढुवा भएको पत्र वा स्तर वृद्धि भई समायोजन भएको भए अन्तिम समायोजन मिति खुल्ने पत्रको छायाँप्रति र कार्यालय प्रमुखको सिफारिस पत्र संलग्न राखी मिति २०८१।०५।२५ गतेसम्म केन्द्रको वेभसाइट https://pcgg.lumbini.gov.np मा अनलाइन मनोनयन फाराम भरी submit गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च :

१. यो सूचना भन्दा अगाडी प्रशिक्षार्थी मनोनयन फारम भरी सेवाकालीन तालिमको लागि छनोट नभएका सेवाकालीन तालिममा भाग लिन इच्छुक कर्मचारीले पुन: सेवाकालीन तालिम प्रशिक्षार्थी मनोनयन फारम अनिवार्य भर्नु पर्नेछ ।
२. सेवाकालीन तालिम कार्यक्रममा छनोट भएका प्रशिक्षार्थीहरुको कार्यक्रम संचालन हुने दिन बिहानको खाजा तथा खाना मात्र यस कार्यालयबाट व्यहोरिने छ ।
३. सेवाकालीन तालिममा छनोट भएका प्रशिक्षार्थी कर्मचारीहरुको नामावली र तालिम संचालन हुने मिति पछि प्रकाशित गरी जानकारी गराईनेछ ।
४. प्रशिक्षार्थी मनोनयन फारम यस सुशासन केन्द्रको Website: pcgg.lumbini.gov.np बाट डाउनलोड गर्न सकिने छ।

सम्पर्क व्यक्तिको नामथर
कम्प्युटर अपरेटर श्री इन्दु के. सी. सम्पर्क नं ९८५१३६०६३९
स.क.अ. श्री लेखनाथ पाण्डे सम्पर्क नं ९८४५९२७३५३

रमेश बहादुर बुढाथोकी
कार्यकारी निर्देशक